गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या : ०८१/८२
चलानी नं.: ९

मिति: २०८१।०४।०१

विषय: आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

गण्डकी प्रदेश सभाबाट गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ पारित भई प्रमाणीकरण भइसकेको बेहोरा अवगत गराउँदै आर्थिक वर्ष २०८१/८२ का लागि तहाँ मन्त्रालय/सचिवालय/आयोग र अन्तर्गत कार्यालय/निकायमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट पुरा हुने छ भन्ने विश्वास लिएको छु। समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न गण्डकी प्रदेश विनियोजन ऐन, २०८१, गण्डकी प्रदेश आर्थिक ऐन, २०८१, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७, गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ लगायत प्रचलित कानुनी व्यवस्था अनिवार्य रूपमा परिपालन गर्नु/गराउनु हुनेछ भन्ने विश्वासका साथ गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (४) बमोजिम बजेट कार्यान्वयनको लागि यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु गराउनु हुनेछ।

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System- PLMBIS) मा समावेश भएको आयोजना/कार्यक्रम नै गण्डकी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी भएकोले सो बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई बजेट निकासा गर्नेछन्।

२. आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति नलिई विनियोजित रकम भन्दा बढी दायित्व सृजना गर्नुहुने छैन। विनियोजित बजेट भन्दा बढी दायित्व सृजना हुने गरी कार्यक्रम कार्यान्वयन गरेमा त्यसरी सृजना भएको दायित्व भुक्तानी प्रति सम्बन्धित लेखा

उत्तरदायी अधिकृत नै जिम्मेवार हुनुपर्नेछ । त्यसरी सृजित दायित्व बापतको रकम आर्थिक मामिला मन्त्रालयबाट निकासा हुने छैन । साथै, सो सम्बन्धमा गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (४) अवगत गर्नु/गराउनु हुनेछ ।

३. गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ८ को उपदफा (१) देखी (८) बमोजिम कुनै विषयगत मन्त्रालय वा निकाय वा स्थानीय तह वा नेपाल सरकारको कुनै निकायबाट बजेट कार्यान्वयन गर्नुपर्ने भएमा तत् तत् उपदफामा भएको व्यवस्था बमोजिम सम्बन्धित निकायको पूर्व सहमति लिई माघ मसान्तभित्रै आर्थिक मामिला मन्त्रालयमा सहमतिको लागि लेखी पठाउनु हुनेछ।

४. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा त्यसरी विनियोजन भएको सम्पूर्ण रकम सम्वत् २०८१ साल असोज मसान्तभित्र खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश गरी स्वीकृतिका लागि गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (३) बमोजिम आर्थिक मामिला मन्त्रालयमा पठाउनु हुनेछ।

५. स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा वार्षिक लक्ष्य नघट्ने गरी सम्बन्धित निकायले एक तहमाथिको कार्यालय प्रमुखको स्वीकृति लिने व्यवस्था मिलाउनु हुनेछ। अधिकृतस्तर एघारौं तह वा सो सरहको कर्मचारी कार्यालय प्रमुख भएको निकायमा त्रैमासिक विभाजनलाई संशोधन गर्न सक्ने भएकाले सोही अनुसार गर्नुहुनेछ।

६. प्रदेश सरकारलाई थप आर्थिक दायित्व सृजना हुने जुनसुकै विषयमा निर्णय गर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति लिनुहुनेछ।

७. प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने संघ/संस्था वा निकायले आम्दानी/खर्चको विवरणसहितको प्रतिवेदन तहाँ मन्त्रालय/निकायमा पेश गर्ने व्यवस्था मिलाई सार्वजनिक गर्नुहुनेछ।

८. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट आर्थिक मामिला मन्त्रालयबाट कार्यक्रम बाँडफाँटको स्वीकृति लिई कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित खर्च शीर्षकबाट मात्रै खर्च गर्नुहुनेछ।

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखरा, नेपाल

(ख) नेपाल सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक अनुदान कार्यान्वयन सम्बन्धमा

९. नेपाल सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गत प्राप्त कार्यक्रम तथा आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुहुनेछ। त्यस्ता अनुदानमा सञ्चालित कार्यक्रम तथा आयोजनाको छुट्टै प्रगति प्रतिवेदन पेश गर्नुहुनेछ।

१०. गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ को उपदफा (६) मा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई प्राप्त भएका सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रममा रकमान्तर तथा कार्यक्रम संशोधन सम्बन्धी व्यवस्था संघीय विनियोजन ऐन, २०८१ बमोजिम गर्नुहुनेछ।

११. नेपाल सरकारबाट प्राप्त भएका/हुने वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमहरू देहायबमोजिम कार्यान्वयन गर्नुहुनेछ:

क. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा सशर्त अनुदानको रूपमा नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएको स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजनाबाट अर्को आयोजनामा बजेट रकमान्तर गर्नु पर्ने भएमा स्वीकृत वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी नेपाल सरकारको विषयगत मन्त्रालयको सहमति लिनुहुनेछ।

ख. आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमाका बखत केही कार्यक्रममा एकमुष्ट वित्तीय हस्तान्तरण भएकोमा नेपाल सरकारको विषयगत मन्त्रालयले कुनै मापदण्ड वा कार्यविधिबाट सशर्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भनी तोकिएकोमा सोही बमोजिम गर्नुहुनेछ र मापदण्ड वा कार्यविधि नभएको खण्डमा आर्थिक मामिला मन्त्रालयले सो एकमुष्ट कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको सहमतिमा संवत् २०८१ साल पुस मसान्तभित्र बाँडफाँट गरी रकमान्तर गर्न सक्ने, सो समयावधिभित्र बाँडफाँट नभएमा नेपाल सरकार, अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्ने भएकोले सो बमोजिमको प्रक्रिया अवलम्वन गर्नुहुनेछ ।

ग. माथी बुँदा (क) र (ख) बमोजिमको सशर्त अनुदानतर्फको आयोजना वा कार्यक्रममा रकमान्तर वा कार्यक्रम संशोधनको लागि तहाँ मन्त्रालयबाट नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत प्रविष्टि गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति/स्वीकृति सहित आर्थिक मामिला मन्त्रालयमा

जानकारी दिनुहुनेछ। सो को प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टी गरी रकमान्तर अद्यावधिक गर्नको लागि तहाँ मन्त्रालयको निर्णय सहित आर्थिक मामिला मन्त्रालयमा लेखि पठाउनुहुनेछ।

घ. विशेष अनुदान र समपूरक अनुदानमा आधारित आयोजना वा कार्यक्रमका हकमा बजेट कार्यान्वयनका लागि बाँडफाँट गर्नु पर्ने भएमा राष्ट्रिय योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रमको क्षेत्र तथा उद्देश्यमा प्रतिकूल नहुने गरी रकमान्तर वा अख्तियारी संशोधन गर्न वा प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयलाई सहमति प्रदान गर्न सक्ने व्यवस्था बमोजिमको सिफारिस/सहमति/स्वीकृति सहित आर्थिक मामिला मन्त्रालयमा जानकारी दिनुहुनेछ। सो को प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी बाँडफाँट/रकमान्तर/अख्तियारी अद्यावधिकको लागि तहाँ मन्त्रालयको निर्णय सहित आर्थिक मामिला मन्त्रालयमा लेखि पठाउनुहुनेछ।

(ख) खर्चमा मितव्ययिता अपनाउने सम्बन्धमा :

१२. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई स्वीकृत खर्चको मापदण्ड अनुसार सार्वजनिक कोषको सदुपयोग तथा प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुहुनेछ।

१३. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा मात्र अधिकतम मितव्ययी हुने गरी कार्यक्रम संचालन गर्नुहुनेछ।

१४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१५. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामग्री खरिद नगरी मौजुदा सामग्रीको मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्बन गर्नुहुनेछ।

१६. सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने प्रबन्ध गर्नु पर्नेछ। सरकारी प्रयोजन भनी कर्मचारीको आवासका लागि घर वहालमा लिनुहुने छैन।

१७. चालु आर्थिक वर्षमा सरकारी सवारी साधन खरिद गर्नुहुने छैन । अत्यावश्यक भई सवारी साधन खरिद गर्नुपर्ने भएमा अनिवार्य रुपमा आर्थिक मामिला मन्त्रालयको सहमति लिनुहुनेछ ।

१८. आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरवन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने व्यवस्था मिलाउनुहुनेछ ।

१९. सेवा करारमा कर्मचारी लिँदा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लगायतका प्रचलित कानुनको पूर्ण पालना गर्नु गराउनु हुनेछ।

२०. कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा भत्ता, पाँच लाखभन्दा बढी लागत अनुमान भएका सफ्टवेयर खरिद तथा निर्माण, कानूनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्दा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

२१. बेरुजु फस्यौंट कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ। बेरुजु फस्यौंटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनु हुनेछ र सोका लागि करारमा थप जनशक्ति लिनु हुने छैन।

(ग) रकमान्तर / खर्च गर्ने अख्तियारी सम्बन्धमा :

२२. अनिवार्य दायित्वका तलव, पारिश्रमिक, भत्ता, पोशाक, पानी तथा बिजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका खर्च शीर्षकमा विनियोजित रकम अन्यत्र रकमान्तर गर्न पाइने छैन। सम्बन्धित निकायबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव, भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२३. पुँजीगत खर्च शीर्षकमा विनियोजन गरिएको रकम चालु खर्चतर्फका शीर्षकमा रकमान्तर गर्नुहुने छैन।

२४. गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ उपदफा (२)(ग) बमोजिम कुनै बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा र समपूरक अनुदान तर्फ विनियोजन भएको रकम अन्य समपूरक आयोजना तर्फको आयोजनामा बाहेक अन्यत्र रकमान्तर प्रस्ताव गर्नुहुने छैन।

२५. प्रचलित कानुन बमोजिम प्रदेश सरकारको दायित्व सृजना भएका खर्च शीर्षकमा रकम अपुग भएमा बचत हुने खर्च शीर्षकबाट गण्डकी प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम रकमान्तर स्वीकृतीको लागि आर्थिक मामिला मन्त्रालयमा पेश गर्नुहुनेछ।

२६. रकमान्तर प्रस्ताव गर्दा PLMBIS मा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालयले निर्दिष्ट गरेको ढाँचा (संशोधन प्रतिवेदन नं ३०५) मा तहाँ मन्त्रालय/निकायको निर्णय सहित रकमान्तर माग गर्नुहुनेछ।

२७. कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर गर्न नपाउने व्यवस्था मिलाउनु हुनेछ। साथै, कुनै पनि पुंजीगत तर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भए पछि पुनः सोही क्रियाकलापमा थप बजेट व्यवस्थापन (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) हुने छैन।

२८. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ५क. उपदफा (१) बमोजिम लागत अनुमानको कम्तीमा २० प्रतिशत रकम विनियोजन भएका आयोजना वा कार्यक्रमलाई बहुवर्षीय आयोजनाको लागि प्रस्ताव गर्नु परेमा सोही दफाको उपदफा (३) बमोजिम बहुवर्षीय आयोजना छनोट समितिमा सम्वत् २०८१ असोज मसान्त भित्र प्रस्ताव पेश गर्नुहुनेछ। सो समितिको सिफारिसका आधारमा आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चितता भएका आयोजनाहरू फागुन मसान्त भित्र ठेक्का सम्झौता सम्पन्न गरी सो को जानकारी आर्थिक मामिला मन्त्रालयलाई दिनुहुनेछ। उक्त समयावधि भित्र ठेक्का सम्झौता नभएमा स्रोत सहमति स्वतः रद्द हुने भएकोले सो बमोजिम गर्नु/गराउनुहुनेछ ।

(घ) आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा

२९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १८ उपदफा (३), बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३

बमोजिम वार्षिक कार्ययोजनाका साथै बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० को दफा ३२ उपदफा (३) बमोजिमको समयसारिणी तयार गरी कार्यान्वयन गर्नुहुनेछ।

३०. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि थप कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा भदौ १५ गतेभित्र सम्पन्न गर्नुहुनेछ। आयोजना तथा कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति र संरचना सहितको व्यवस्था मिलाउनु हुनेछ।

३१. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ संशोधन गर्नुपर्ने भएमा संशोधनको कारण र औचित्य सहित आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव गर्नुहुनेछ।

३२. वार्षिक विकास कार्यक्रममा समावेश भएका सालबसाली आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी सम्वत् २०८१ कार्तिक मसान्तभित्र ठेक्का सम्झौता हुने व्यवस्था मिलाउनु हुनेछ।

३३. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्ने र अन्य कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि रकम अपुग भई रकमान्तर गर्नुपर्ने भएमा त्यस्तो बेहोराको कारण सहित सम्वत् २०८१ माघ मसान्तभित्र लेखी पठाउनु हुनेछ।

३४. सालबसाली आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता गर्दा सम्वत् २०८२ असार १५ गते भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गर्ने व्यवस्था मिलाई आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३० बमोजिम भुक्तानीको व्यवस्था गर्नु गराउनु हुनेछ।

३५. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक विकास कार्यक्रममा तहाँ मन्त्रालय अन्तर्गत गण्डकी प्रदेश सरकारबाट उपलब्ध गराइने आन्तरिक पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रममा बजेट विनियोजन गरिएको भए अर्को व्यवस्था नभए सम्म उक्त कार्यक्रम कार्यान्वयन गर्नुहुने छैन।

गण्डकी प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्या :
चलानी नं.:

३६. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा २०८१ असोज मसान्तभित्र अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

आर्थिक वर्ष २०८१/८२ को बजेट सम्बद्ध प्रकाशन आर्थिक मामिला मन्त्रालयको वेबसाईट https://mof.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

श्री प्रदेश सचिव,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
गण्डकी प्रदेश।

२०८१/०४/०१
सचिव
(पुरुषोत्तम शर्मा)
प्रदेश सचिव

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठ्माण्डौ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठ्माण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश।